का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ वैशाख २०८१,
सोमबार
15 April 2024,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २२, अंक ६२ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# बालुवाटारको सहमति सुदूरपश्चिममा अस्वीकृत

## कांग्रेस नेतृत्वमा नयाँ समीकरणको प्रयास

एकीकृत समाजवादीले सुदूरपश्चिम प्रदेश सरकार निर्माणमा कांग्रेसको गठबन्धनलाई रोज्नु राष्ट्रिय राजनीतिमा एक परीक्षण हो । नयाँ प्रयोगको सफलता र असफलताको अर्थ सिधै सिंहदरबारसँग जोडिन आइपुग्ने नेताहरु बताउँछन् । जसले राष्ट्रिय राजनीतिमा एउटा तरंग पैदा गरिदिएको छ ।



*सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा छुट्टाछुट्टै दाबी प्रस्तुत गर्दै नाउपाका सांसदद्वय लक्ष्मण किशोर चौधरी र कैलाश चौधरी । फोटो सामाजिक सञ्जाल*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ वैशाख

सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नागरिक उन्मुक्ति पार्टी (नाउपा) तर्फबाट दुई जनाको दाबी पेश भएको छ ।

संघीय राजनीतिको सत्ता गठबन्धनमा रहेका दलहरुको समर्थनमा नाउपाका सांसद कैलाश चौधरीले मुख्यमन्त्रीमा दाबी गरेका छन् । कैलाश चौधरीलाई माओवादी केन्द्र, नेकपा एमाले, नागरिक उन्मुक्ति र एक जना स्वतन्त्र प्रदेश सभा सदस्यको समर्थन छ ।

कैलाश चौधरी भन्दा अगाडि नागरिक उन्मुक्तिकै लक्ष्मणकिशोर चौधरीले नेपाली कांग्रेस, एकीकृत समाजवादी, नागरिक उन्मुक्ति र राप्रपाको समर्थनमा मुख्यमन्त्रीमा दाबी पेश गरेका छन् ।

नेकपा एकीकृत समाजवादीको निर्णयका कारण सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा नागरिक उन्मुक्ति पार्टीका तर्फबाट दुई जनाको दाबी पेश भएको हो । मख्यमन्त्रीमा एकै पार्टीका लक्ष्मणकिशोर चौधरी र कैलाश चौधरीको दाबी पेश भएपछि मुख्यमन्त्री नियुक्ति गर्न प्रदेश प्रमुख नजिर मियाँलाई सकस परेको छ ।

लक्ष्मणकिशोर नाउपाको रेशम चौधरी पक्षधर हुन् भने कैलाश रञ्जिता श्रेष्ठ पक्षधर हुन् । नाउपाका सांसद चौधरी र श्रेष्ठ पक्ष विभाजित छन् । श्रेष्ठ केन्द्रीय सत्ता गठबन्धनमा छन् भने रेशम त्यसको विपरीत छन् । रेशम पक्षधरलाई कांग्रेसले सहयोग गरेको छ । त्यसमा राप्रपा र एकीकृत समाजवादी पनि मिसिएको नेताहरूले बताएका छन् । कैलाश चौधरीलाई एमाले र माओवादीको समर्थन छ ।

यो सँगै संघीय सत्ता गठबन्धनको विकल्प सुदूरपश्चिम प्रदेश सरकार निर्माणमा गृहकार्य भएको छ । संघीय सरकारमा माओवादी केन्द्र र एमाले सम्मिलित गठबन्धनमा रहेको एकीकृत समाजवादीले सुदूरपश्चिम प्रदेश सरकार निर्माणमा कांग्रेसको गठबन्धनलाई रोज्नु राष्ट्रिय राजनीतिमा एक परीक्षण हो । नयाँ प्रयोगको सफलता »» पृष्ठ २ मा



केन्द्रमा जुन सहकार्य भएको छ । त्यही अनुरूपकै सरकार सुदूरमा पनि बन्छ ।

● **प्रदीप ज्ञवाली**
उपमहासचिव, एमाले

# ९ लाख बालबालिका विद्यालय बाहिरै !

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, २ वैशाख ।

सरकारले दुइ दशकअघिदेखि हरेक वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन गर्दै आएको छ । हरेक वर्ष सरकारले वार्षिक नीति कार्यक्रममै बैशाख २ गतेदेखि भर्ना अभियान चलाउने योजना राख्दै आएको छ । त्यहीअनुरुप यो वर्ष पनि शैक्षिक सत्र २०८१ का लागि भर्ना अभियान शुरु भएको छ । संघीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको आह्वानमा ७५३ स्थानीय तहमार्फत अभियान सुरु गरिएको शिक्षा तथा मानवस्रोत विकास केन्द्रले जनाएको छ । अभियान बैशाखभरी चल्नेछ ।



सरकारले भर्ना अभियान चलाउँदा नियमित बाहेकका विद्यार्थीलाई विद्यालयसम्म ल्याउने बताइरहेको छ । तर, पछिल्लो तथ्यांकअनुसार देशभरका ४ देखि १७ वर्षका ८ लाख ५३ हजार बालबालिका विद्यालयभन्दा बाहिर छन् । राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार ४ देखि १७ वर्ष उमेर समूहका ७५ लाखमध्ये ८ लाख ५३ हजार अर्थात ११ दशमलव ३ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । शिक्षा मन्त्रालयले दिएको पछिल्लो विवरणले ४ वर्ष उमेर समूहका २४ लाख ३९ हजार २ सयमध्ये बालविकासमा १८ दशमलव ५ प्रतिशत र कक्षा १ देखि ५ सम्म पढ्ने उमेर समूहका ८.१ प्रतिशत बालबालिका »» पृष्ठ २ मा

# ऊर्जामा १२ हजार योजना माग

## व्यक्तिपिच्छे योजना आउँदा कर्मचारी दिक्क

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं २, वैशाख ।




आर्थिक वर्ष २०८१/८२ को बजेटको मस्यौया लेखनमा ब्यस्त छ अर्थमन्त्रालय । जेठ १५ गते बजेट ल्याउनु पर्ने भएकोले बजेट लेखन तिब्रगतिमा भएको छ । राजस्व महाशाखा प्रमुख धनिराम शर्माको नेतृत्वमा गठित समितिमा सहसचिवहरु रितेशकुमार शाक्य, महेश आचार्य, रामप्रसाद आचार्य, ईश्वरी अर्याल र पार्वती शर्माको ६ सदस्यीय बजेट मस्यौदा लेखन समितिले बजेट निमार्णमा जुटेको छ । १० दिन अघिदेखि नै



अर्थमन्त्रालयको ढोका बन्द गरेर बजेटको मस्यौदा लेखन कार्य भइरहेको छ । सघीय सांसद, प्रदेश सांसद र स्थानीयत तहका जनप्रतिनीधिहरु सिंहदरवारमा बजेटको लागि दौडधुप गरिरहेका छन । योजना मागको सम्बन्धमा भनेर ३ करोड भन्दा बढिको बितृत आयोजना प्रतिबेदन (डिपिआर) को फाइल लिएर मन्त्रालय ध्याउने संख्या बढ्दो छ । बजेटमा आफ्ना आयोजना तथा कार्यक्रम पारिदिन माग गर्दै मन्त्रीदेखि सचिवालया कर्मचारीलाई हार गुहार गरिरहेको देखिन्छन । »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# इजरायलमाथिको आक्रमणले त्यहाँ कार्यरत नेपाली त्रसित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २ वैशाख

इरानले इजरायलमा ड्रोन र क्षेप्यास्त्र आक्रमण गरेपछि त्यहाँ कार्यरत नेपाली त्रसित बनेका छन् । शनिबार राति इरानले गरेको ड्रोन आक्रमणलाई इजरायलको हवाई रक्षा प्रणाली 'आइरन डोम'मार्फत इजरायली सिमाना बाहिर नै ९९ प्रतिशत विफल गराएको बताइएको छ ।

तर नेपालबाट गएका अधिकांश नेपाली आक्रमणको निशाना पर्ने सीमा क्षेत्रमा काम गर्ने भएका कारण उनीहरु बढी त्रसित भएको बताइएको छ । शुरूमा बढी डराएको भएपनि इजरायलको हवाई रक्षा प्रणालीले सिमानामा प्रवेश अघि नै ड्रोनबाट गरिएका आक्रमण विफल पारेको बताएपछि अवस्था सामान्य बन्ने आंकलन गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले बताएका छन् ।

इरानी आक्रमणपछि इजरायलमा रहेको नेपाली दूतावासले सूचना जारी गर्दै सतर्कता अपनाउन नेपालीलाई आग्रह गरेको छ । दूतावासले सूचना जारी गर्दै इजरायलमाथि इरानी हमला शुरु भएको सन्दर्भमा इजरायली होम फ्रन्ट कमान्डद्वारा सर्वसाधारणका लागि नयाँ निर्देशनहरू पालना गर्न भन्दै सतर्क रहन आग्रह गरेको हो ।

इरानको आक्रमणपछि इजरायलमा सोमबार राति ११ बजेसम्म लागू हुने गरी शैक्षिक क्रियाकलाप बन्द गरिएको छ भने ठूलो स्तरका सभा वा भेला नगर्न निर्देशन जारी गरिएको छ । नेपाली दूतावासले पनि आवश्यक सुरक्षाका लागि स्थानीय सुरक्षा प्रोटोकलहरूको पालना गर्न, आफ्नो क्षेत्रका लागि जारी गरिएका र अद्यावधिक सूचना बारेमा जानकार रहन र आफ्नो सुरक्षातर्फ विशेष ध्यान दिन, अत्यावश्यक अवस्थामा बाहेक घरबाट बाहिर ननिस्कन तथा सुरक्षित आश्रयस्थलको सुविधा भएको स्थलको आसपासमै रहन नेपालीलाई आग्रह गरेको छ ।

इजरायलमा हाल ४ हजार ५ नेपालीहरू 'केयरगिभर'को रूपमा कार्यरत छन् भने केही महिनाअघि त्यहाँको कृषि क्षेत्रमा विदेशी कामदार खुला गरिएपछि थप केही नेपाली भारतीय बाटोबाट त्यहाँ पुगेको सार्वजनिक भएपनि उनीहरूको आधिकारिक तथ्यांक संकलन हुन सकेको छैन ।

विगतमा लर्न एण्ड अर्न योजनाअन्तर्गत कृषि क्षेत्रमा गएकामा २ सय ६५ जना विद्यार्थीमध्ये अक्टोबर ७ मा हमासको आक्रमणपछि २ सय ५० जनाभन्दा बढीलाई सरकारले उद्धार गरी नेपाल ल्याएको थियो । दश नेपालीको हमासको आक्रमणका कारण ज्यान गएको थियो भने हमासको कब्जामा पुगेका विपिन जोशीको अवस्था भने अझै पनि स्पष्ट हुन सकेको छैन ।

# श्रममन्त्री र राजदूतबीच छलफल

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्यालले इजरायलमा रहेका नेपाली श्रमिकको विषयमा चासो व्यक्त गरेका छन् । श्रममन्त्री अर्यालले इजरायलका लागि नेपाली राजदूत कान्ता रिजालसँग टेलिफोन सम्पर्क गरी नेपाली कामदार र त्यहाँ रहेका नेपालीको बारेमा जानकारी लिएको मन्त्री अर्यालको निजी सचिवालयले जनाएको छ । »» पृष्ठ २ मा


# युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIME STAR ELECTRICAL & MECHANICAL WORKS LLC शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०८०/१२/३० चलानी नं.: ६०२१८२९६ LT. No.: 303433

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Engineer | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Electrician | 30 | 0 | | 1400 | ५०,७६४ | | | | | | | |
| 3. | Hvac Technician | 10 | 0 | | 1400 | ५०,७६४ | | | | | | | |
| 4. | Hvac Technician/multi Technician | 10 | 0 | | 1400 | ५०,७६४ | | | | | | | |
| 5. | Mechanical Engineer | 5 | 0 | | 2000 | ७२,५२० | | | | | | | |
| 6. | Plumber | 30 | 0 | | 1400 | ५०,७६४ | | | | | | | |
| 7. | Plumbing Technician | 10 | 0 | | 1800 | ६५,२६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख १० गते (22 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com/ hr@shermanconsultants.com
Phone:9851235143, 9803636760, 9858034684, 9869120271, 9815333278, 9860528710



WE'RE HIRING
VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO - (2 Male/Female)
- Educational qualification Bachelor pass.
- Well knowledge of computer Photoshop.
- Fluent in both speaking and writing in English.
- Minimum 2 years experience in the recruitment field.

SALARY Negotiable

SEND YOUR CV: manaslunp@hotmail.com
01-4525081। 01-4525082

Govt.Lic.No.:151/056/57
Manaslu International Services Pvt. Ltd.
Dhumbarahi, Kathmandu, Nepal.



# भवन खरिदसम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०/१/३ गते**

नेपाल सरकारबाट इजाजत लिइ सञ्चालनमा रहेका वैदेशिक रोजगार व्यवसाय गर्ने व्यवसायीहरुको छाता संगठनको रुपमा रहेको यस नेपाल वैदेशिक रोजगार व्यवसायी संघका लागि भवन खरिद गर्नुपर्ने भएकाले घर बिक्री गर्न इच्छुक घरधनीहरुका लागि यो सूचना प्रकाशित गरिएको छ । संघले तपशिलमा उल्लेख गरिएअनुसारको भवन खरिद गर्ने भएकाले यस मापदण्डभित्र पर्ने घरधनीले संघको कार्यालयमा शिलबन्दी बोलपत्र पेस गर्नुहुन अनुरोध गर्दै पेस भएका बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार संघमा सुरक्षित रहेको जानकारी गराइन्छ ।

१. खरिद गरिने घरको अधिकतम मूल्य रु ५ करोडसम्मको रहने छ ।
२. खरिद गरिने घर काठमाडौं महानगरपालिका वडा नं ९, १०, ३१, ३२ र ७ भित्र हुनुपर्ने छ ।
३. खरिद गरिने घर जाने बाटो कम्तीमा २० फिटको हुनुपर्ने छ ।
४. बोलपत्र घरधनी स्वयंले पेस गर्नु पर्नेछ । मध्यस्थकर्ताले बोलपत्र पेस गर्न पाउने छैन ।
५. जग्गाको स्वामित्व सम्बन्धमा वा जग्गाको विषयमा अड्डा अदालतमा विवाद रहेको वा मुद्दा परेको हुनु हुने छैन ।
६. घर बिक्रीसम्बन्धी बोलपत्र संघको कार्यालयबाट लिन सकिने छ ।
७. बोलपत्र सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयभित्र संघको कार्यालयमा पेस गरिसक्नुपर्ने छ ।
८. बोलपत्रका साथ जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि, मालपोत तिरेको रसिदको प्रतिलिपि, घर जग्गा (सम्पत्ति) कर तिरेको रसिदको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, नक्सा पास प्रमाणपत्रको प्रतिलिपि, नक्सा ट्रेस र ब्लु प्रिन्टलगायतका कागजात संलग्न गर्नुपर्ने छ ।
९. बोलपत्र मिति २०८० वैशाख २० गते संघको कार्यालयमा दिनको ५ बजे खोलिने छ ।
१०. बोलपत्रको अध्ययन गरी मापदण्ड पुगेका बोलपत्रदातालाई फोनबाट सम्पर्क गरी कुनै कुरा स्पष्ट नभएको तथा स्पष्ट गर्ने कागजात नपुगेको भए माग्न र मूल्यको सम्बन्धमा आपसी सहमति गर्न बोलाइने छ ।

**राजेन्द्र भण्डारी**
अध्यक्ष

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
३ वैशाख २०८१, सोमबार
15 April 2024, Monday

# राजतन्त्र फर्कने कुरा असम्भव : देउवा




**काठमाडौं/मस–** नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले संविधान र अभ्यासमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ र सबल बनाएर लैजानुपर्ने खाँचो औंल्याएका छन् । पूर्वप्रधानमन्त्री एवम् संविधानसभा सदस्य स्व.सूर्यबहादुर थापाको नवौं स्मृति दिवसका अवसरमा सूर्यबहादुर थापा प्रतिष्ठानले आइतबार आयोजना गरेको कार्यक्रममा उनले अहिलेको व्यवस्थालाई अझ सर्वस्वीकार्य बनाएर लैजानुपर्ने बताए ।

'अहिलेको राजनीतिक व्यवस्थालाई अझ बढी सुदृढ र सबल बनाएर लैजानुपर्छ, संविधानमा रहेका केही कमजोरीलाई सुधारेर अहिलेको व्यवस्थालाई प्रभावकारी बनाउन सकिन्छ', सभापति देउवाले भने ।

पूर्वप्रधानमन्त्री देउवाले अहिलेको अवस्थामा राजतन्त्र फर्कने कुरा असम्भव रहेको पनि स्पष्ट पारे । उनले भने, 'अहिले नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था छ । राजा फर्काउनुपर्यो भनेर केही व्यक्ति हिँडेका छन् तर अब राजा फर्काउने कुरा असम्भव हो । त्यसैले अहिलेको व्यवस्थालाई नै अझ बढी सुदृढ बनाएर लैजानुपर्छ । संविधानमा रहेका कमिकमजोरीलाई सुधार्ने ठाउँ छन् ।' सभापति देउवाले अहिलेको राजनीतिक व्यवस्था ल्याउन पनि सूर्यबहादुर थापाको भूमिका रहेको स्मरण गरे ।

# निजी स्वास्थ्य संस्थामा उपचार गराउँदा २० प्रतिशत तिर्नुपर्ने




**काठमाडौं/मस–** स्वास्थ्य बीमा बोर्डको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत आइतबारदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिमितले २० प्रतिशत रकम आफैले तिर्नुपर्ने भएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा.दामोदर बसौलाले आजदेखि निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने विमितले उपचार खर्चको २० प्रतिशत रकम आफैले तिर्नुपर्ने (सहभुक्तानी) लागू गरिएको बताए ।

'अनावश्यक स्वास्थ्य परीक्षणलाई निरुत्साहित गर्न हामीले उपचार खर्चको २० प्रतिशत तिर्नुपर्ने नियम लागू गरेका छौं'उनले भने, 'जसले गर्दा विमितले अनावश्यक स्वास्थ्यपरीक्षण नगराउने र बिरामी भएका विमित मात्र स्वास्थ्य बीमाबाट लाभान्वित हुनेछन् ।'

वास्थ्य बीमा कार्यक्रम सहभुक्तानी लागू गर्ने कार्यविधि २०८० संशोधन गरी बोर्डमा आबद्ध बिमितले निजी तथा सामुदायिक अस्पतालमा उपचार गर्ने बिरामीले २० प्रतिशत रकम उपचार खर्चबापत तिर्नुपर्ने व्यवस्था लागू गरेको हो ।

बोर्डले यसअघि माघ १ गतेबाट सरकारी अस्पतालमा उपचार गरेबापत १० प्रतिशत रकम तिर्नुपर्ने नियम लागू गरेको थियो । उनले सरकारी अस्पतालको सक्षमता विकास गर्न र बिरामीलाइ सरकारी अस्पतालप्रति आकर्षित गराउन सहभुक्तानीको व्यवस्था लागु गरिएको बताए ।

कार्यकारी निर्देशक डा.बसौलाका अनुसार सहभुक्तानी १५ शय्यासम्मका आधारभूत अस्पतालमा लागू हुँदैन । संघीय तथा प्रादेशिक अस्पताल, विशेषज्ञ सेवा उपलब्ध भएका आधार भूत अस्पताल, निजी, सहकारी, सामुदायिक अस्पताल, मेडिकल कलेजमा सहभुक्तानी प्रणाली लागू हुने कार्यविधिमा उल्लेख छ ।

बीमा कार्यक्रममा कूल विमित संख्या ७७ लाख ४१ हजार चार सय ८३ जना र कूल विमितमध्ये सेवा लिनेको संख्या ३६ लाख ५२ हजार चार सय ३२ जना छन् । नवीकरण गर्ने बिमित ४८ लाख आठ हजार सात सय ६० रहेको छ ।

# प्रदेश सभा सदस्य गिरीलाई पदमुक्त गर्ने निर्णय कार्यान्वयन नगर्न आदेश




काठमाडौं/मस-सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टी (नाउपा) की सुदूरपश्चिम प्रदेश सभासदस्य इन्दिरा गिरीलाई पदमुक्त गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश गरेको छ । न्यायाधीश प्रकाशमान सिंह राउतको एकल इजलासले आइतबार सदस्य गिरीलाई प्रदेशसभा सदस्यको हैसियतमा काम-कारबाही गर्न रोक लगाई पदमुक्त गने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

'सूचना प्रकाशित गर्नु अगावै निवेदिकालाई सुनुवाइको मौका समेत दिएको देखिएन, औचित्यपूर्ण कारण र आधार बिना यी निवेदिकालाई सुदूरपश्चिम प्रदेशको प्रदेशसभाको सदस्यबाट फिर्ता बोलाउने गरी सूचना प्रकाशित गरेको देखिएको छ,' आदेशमा भनिएको छ, 'सो काम कारबाहीबाट निवेदिकालाई जनताको प्रतिनिधित्व गर्ने कार्यमा समेत असर पुग्न जाने देखिएकाले प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म सुदूरपश्चिम प्रदेश, प्रदेशसभाको सदस्यबाट निवेदकलाई फिर्ता बोलाउने गरी सूचना प्रकाशित गर्ने प्रदेशसभाको माननीय सभामुखको मिति २०८०/१२/२६ को निर्णय निर्देशन तथा तत्सम्बन्धी पत्रहरुसमेत कार्यान्वयन नगर्नू, नगराउनु ।'

उक्त पार्टीका रेशम चौधरी पक्षका गिरीसहित पाँचजना सदस्य तत्कालीन मुख्यमन्त्री कमलबहादुर शाहको सरकारमा सामेल गराएपछि पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले समानुपातिक सदस्य गिरीलाई सरकारबाट फिर्ता बोलाउने पत्र सभामुख पठाएकी थिइन् ।

अध्यक्ष रञ्जिताकै पत्रका आधारमा सभामुख भीमबहादुर भण्डारीको निर्देशनमा प्रदेशसभा सचिवालयले गत चैत २६ गते गिरी प्रदेशसभा सदस्यबाट पदमुक्त भएको सूचना जारी गरेको थियो । उक्त सूचनाविरुद्ध सदस्य गिरीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेकी थिइन् ।

# मुगुको सिँचाइ कार्यालयका प्रमुखसहित पाँच जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुगुको खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालयका प्रमुख राजिव रिमालसहित पाँच जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा मुगुको सोरु गाउँपालिका-५ मा सिँचाइ आयोजनामा निर्माण उपभोक्ता समितिका पदाधिकारीहरू समेतको मिलेमतोमा आयोजनाको रकम हिनामिना गरेको भन्ने उजुरीका आधारमा छानबिन गरी मुद्दा दायर गरिएको हो ।

आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय प्रमुख राजिव रिमाल, सव-इन्जिनियर नर बहादुर लावड, उपभोक्ता समितिका अध्यक्ष तेजबहादुर शाही, उपाध्यक्ष हिरा बहादुर शाही र सचिव तिर्थ बहादुर शाहीविरुद्ध आइतबार मुद्दा दायर भएको हो ।

सोरु गाउँपालिका-५ स्थित नेर सिँचाइ आयोजनाको पाइपलाइनको कार्य एक हजार ७०० मिटर हुनुपर्नेमा ८१२.५ मिटरमात्र भइ ८८७.५ मिटर फिल्डमा कम भएको कामलाई पनि झुटा नापी किताब, पहिलो र दोस्रो बिल स्वीकृत गरी ५ लाख ६१ हजार ४८१ रुपैयाँ ९५ पैसा बढी भुक्तानी गरी उपभोक्ता समितिलाई गैरकानुनी लाभ र सरकारलाई हानि-नोक्सानी पुर्‍याएको देखिएपछि मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

सोही अनुरुप कार्यालय प्रमुख रिमाल र सव इन्जिनियर लावडलाई पाँच लाख ६१ हजार ४८१ रुपैयाँ ९५ पैसा बिगो कायम गरी बिगो असुलउपर र कैद तथा जरिवानाको माग दाबीसहित आयोगले मुद्दा दायर गरेको प्रवक्ता घिमिरेले बताए ।

यस्तै, उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष र सचिवविरुद्ध सम्झौता बमोजिम लागत अनुमानभन्दा कम काम गरी फिल्डमा नभएको कामको पनि भएको भनी भुक्तानीको लागि झुटा बिल पेस आफूलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई हानि-नोक्सानी पुर्‍याएको आरोपमा पाँच लाख ६१ हजार ४८१ रुपैयाँ ९५ पैसा बिगो कायम गरी सजाय तथा बिगोसमेत असुलउपरको मागदाबी गरिएको आयोगले जनाएको छ ।

# वान एक्स बेटमार्फत ५७ करोड बढी कारोबार, तीन पक्राउ

**काठमाडौं/मस–** नेपाल प्रहरीले वान एक्स बेटमार्फत विभिन्न खेलमा सट्टेबाजी खेलाएको आरोपमा तीन जनालाई पक्राउ गरेको छ । प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले विश्वमा सञ्चालन हुने विभिन्न खेलहरूमा सट्टेबाजी गर्न प्रयोग हुने वान एक्स बेटमार्फत सट्टेबाजी गराउन रकम संकलन गर्ने तीन जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा सर्लाही मलंगवाका ३१ वर्षीय सञ्जयकुमार साह, १९ वर्षीय रामजी साह र ३० वर्षीय राकेश चौधरी रहेका छन् । कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले विभिन्न खेलमा वान एक्स बेटमार्फत सट्टेबाजी गराएको आरोपमा पक्राउ गरिएको जानकारी दिए । 'पक्राउ परेकाले विभिन्न मोबाइल नम्बरबाट २१ वटा कनेक्ट आइपिएस खाता खोलेर ९८ वटा बैंकका खाता खोलेको अनुसन्धानमा भेटिएको छ', प्रवक्ता रेग्मीले भने । पक्राउ परेकाले ती खाताबाट रु ५७ करोड ४१ लाख ५७ हजार एक सय ४७ बराबरको कारोबार गरेको प्रहरीले जनाएको छ । पक्राउ परेका तीनैजनामाथि मुलुकी अपराधसंहिता, २०७४ को परिच्छेद-५ सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरूद्धको कसुरअन्तर्गत दफा १२५ जुवा खेल्न वा सट्टाबाजी गर्न नहुने कसुरमा प्रहरीले अनुसन्धान गरिरहेको प्रवक्ता रेग्मीले बताए ।

# 'भरतपुर भ्रमण वर्ष' मूल समारोह समितिको सदस्यमा भट्ट मनोनीत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २ वैशाख

भरतपुर महानगरपालिकाले 'भरतपुर भ्रमण वर्ष २०२४' सफल बनाउन एनआरएनए एनसीसी कतारका अध्यक्ष तथा समाजसेवी रमेश भट्टलाई मूल समारोह समितिको सदस्यका रूपमा मनोनीत गरेको छ ।

पर्यटन विकासबाट सामाजिक तथा आर्थिक परिवर्तन गर्ने उद्देश्यले निजी क्षेत्रको सहकार्यमा भरतपुर महानगरले 'भरतपुर भ्रमण वर्ष २०२४' सफल बनाउन भट्टलाई मूल समारोह समिति सदस्य बनाएको हो ।



बागलुङ जिल्लामा जन्मिएर काठमाडौंमा स्थायी बसोबास गर्ने भट्ट लामो समयदेखि कतारमा रहेर व्यवसायसहित समाजसेवा गर्दै आइ रहेका छन् ।

भट्टलाई महानगरले सदस्यमा मनोनीत भएकोमा बधाइ दिँदै उक्त अभियान सफल बनाउन रचनात्मक सहयोगको अपेक्षा गरेको जनाएको छ । भट्टले महाभूकम्प, हावाहुरी, बाढी पहिरो, कोभिड-१९ लगायत दैवी विपत्तिको समयमा स्वयं उपस्थित भइ खाद्यान्न, स्वास्थ्य सामग्री लगायत विभिन्न राहत सामग्री वितरण गर्दै आइरहेका छन् । सामाजिक तथा मानवीय क्षेत्रमा विभिन्न काम गरेर दर्जनौं पुरस्कारसहित स्वदेश तथा विदेशमा स्थापित भट्ट विभिन्न संघसंस्था र निकायबाट सम्मानित भइ सकेका छन् ।

# सुजन बाग श्रेष्ठले दोस्रो पटक छेडे जिब्रो

भक्तपुर/मस- भक्तपुर मध्यपुरथिमि नगरपालिका-८ बोडेमा मनाइने जिब्रो छेड्ने जात्रा आइतबार मनाइएको छ । जात्रामा स्थानीय २८ वर्षीय सुजन बाग श्रेष्ठले दोस्रो पटक जिब्रो छेडेर जात्रालाई निरन्तरता दिएका छन् । नाइकेहरूले विभिन्न देवगणको पूजा गरेपछि तेलमा डुबाइराखेको १० इन्च लामो सुइरोले पाँचो गणेशको प्राङ्गण रहेको पाटीस्थित मञ्चमा सुजन बागको जिब्रो छेडिदिएका थिए । सुजनले गएको वर्ष पनि जिब्रो छेडाएका थिए ।

चैत मसान्तको दिन बोडे महालक्ष्मी मन्दिर प्राङ्गणमा लिङ्गो उठाएपछि जिब्रो छेड्ने व्यक्तिले निराहार व्रत बसेर आइतबार जिब्रो छेडेपछि जिब्रोको घाउमा महालक्ष्मी मन्दिरको माटो झिकेर लाएर जिब्रो छेड्ने व्यक्तिले नाट्यश्वरको पूजा गरेका थिए । प्वाल भएको जिब्रोमा महालक्ष्मीको माटो लगाए घाउ निको हुने र त्यसमा अन्य औषधि लाउनु नपर्ने मान्यता रहेको लदीलकृष्णम प्रजापति बताउँछन् । जात्राको किम्बदन्ती अनुसार प्राचीनकालमा बोडेमा नीलबाराहीको दायाँबायाँ बस्ने भूत-प्रेत, पिशाच, ख्याक तथा कंकालले बोडेका मानिसलाई धेरै दु:ख दिने गरेपछि तान्त्रिक भीमदत्त कर्माचार्यले तान्त्रिक विद्याले थापेको पासोमा त्यसलाई पारेर कपाल काटे, लुगा फुकाले र लामो सियो जबर्जस्ती जिब्रोमा घुसारी भाग्न नपाओस् भनी घुँघरु बाँधिदिए बलेको महाद्वीप काठको गहुङ्गो भारी बोकाएर बोडे घुमाएको मान्यता छ ।

## बालुवाटारको ...

र असफलताको अर्थ सीधै सिंहदरबारसँग जोडिन आइपुग्ने नेताहरु बताउँछन् । जसले राष्ट्रिय राजनीतिमा एउटा तरंग पैदा गरेको छ ।

आइतबार प्रधानमन्त्री निवास वालुवाटारमा सत्तारुढ चार दलको बैठक बसेको थियो । जहाँ एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले सुदूरपश्चिम प्रदेश सरकारको मुख्यमन्त्रीमा दाबी प्रस्तुत गरेका थिए । एमाले अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व नाउपालाई दिनुपर्ने अवस्था आएको बताएपछि माधव नेपाल असन्तुष्ट भएका थिए ।

लगत्तै, सुदूरपश्चिममा कांग्रेस नेतृत्वमा नयाँ गठबन्धनको अभ्यास भएको हो ।

नेकपा एमाले उपमहासचिव प्रदीप ज्ञवाली भने सुदूरपश्चिममा केन्द्रको सहमति अनुसार नै सरकार गठन हुने दाबी गर्छन ।

'केन्द्रमा जुन सहकार्य भएको छ । त्यही अनुरूपकै सरकार सुदूरमा पनि बन्छ' ज्ञवालीले भनेका छन्, 'एकीकृत समाजवादीको दलको नेताले केन्द्रको सहमति विपरीत पत्र दिएको भए पनि केन्द्रका नेताले त्यसो नगर्नुस् भनेर निर्देशन दिएको सार्वजनिक भएको छ ।' साथै ज्ञवालीका अनुसार नागरिक उन्मुक्ति पार्टीको विवाद र संसदीय दलको नेताबारे कानुनी निर्क्योल भएपछि सरकार बन्नेछ ।

## ९ लाख...

विद्यालयको पहुँचभन्दा बाहिर रहेको देखाएको छ ।

त्यसैगरी कक्षा ६ देखि ८ उमेर समूहका ६.८ र ९ र १० का ७.४ प्रतिशत बालबालिका विद्यालयमा आउन नसकेको देखाएको छ । सबै बालबालिकालाई विद्यालयभित्र ल्याउने गरी हरेक वर्ष भर्ना अभियान सञ्चालन गरे पनि प्रभावकारी भने हुन सकेको छैन । सबैभन्दा बढी मधेश प्रदेशमा ३ लाख ९१ हजार अर्थात् ४५ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । त्यसैगरी लुम्बिनीमा १७, कोशीमा १२, बागमतीमा ९.३, सुदूरपश्चिममा ६.७, कर्णालीमा ४.३ र गण्डकीमा ३.७ प्रतिशत बालबालिका विद्यालयको पहुँचबाहिरै छन् । गरिबी र अशिक्षाकै कारण अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउन सकेका छैनन् भने राज्यले पनि यसमा खासै ध्यान दिएको छैन । विद्यालय जाने उमेरका बालबालिका विद्यालय जान नसक्नुको प्रमुख कारण आर्थिक विपन्नता भएको विज्ञहरू बताउँछन् । तर, बिद्यालय गएर पनि बिचमै फर्किने प्रवृत्ति पनि दाहोरिरहनु चहिँ गुणस्तरीय शिक्षाको अभाव, विद्यालयमा उचित वातावरणको अभाव, कमजोर शिक्षक-विद्यार्थी सम्बन्ध, शिक्षाको महत्व आत्मसात् गर्न नसक्ने अभिभावक, सरोकारवालाको प्रभावकारी साथ र सहयोगको अभाव, विद्यालय व्यवस्थापन समितिले विद्यालय सञ्चालनमा उपयुक्त सीप र स्रोतको व्यवस्था गर्न नसक्नु लगायतका विविभन्न कारण रहेको शिक्षाविद् बिद्यानाथ कोइराला बताउँछन् ।

सन् २००४ बाट 'सबैका लागि शिक्षा' कार्यक्रम सुरू भएलगत्तै सुरू भएको भर्ना अभियान सन् २०२४ सम्म आइपुग्दा कर्मकाण्डी मौ भएको सरकारी अधिकारी नै स्वीकार गर्छन् ।

शिक्षाविद् कोइराला पनि भर्ना यस्तो कर्मकाण्डी अभियानको कुनै अर्थ नभएको बताउँछन् । उनी भन्छन्, 'यो त कर्मचारीले खाली रमाइलो मात्र गरेको हो । यो पैसा सकाउने मेलो मात्र हो ।'

विद्यार्थी भर्ना अभियान सञ्चालनका लागि शिक्षा विभागले प्रत्येक शिक्षा कार्यालयलाई २५ हजार रुपैंया दिँदै आएको छ ।

## उर्जामा...

अहिले बिकासले मन्त्रालयको मन्त्रीको सचिवालयमा नेताहरु कार्यकर्ता आयोजनाको फाइल टेबलमा देखिन्छन । अर्थमन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा बजेटको माग्नेको भिड बढि देखिन्छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका एक सहसचिव भन्छन् 'मन्त्रायलमा अहिलेसम्म १२ हजार बढि योजनाको माग भएको छ । व्यक्ति पिच्छे योजना दिएर आउनेको पनि संख्या धेरै छ । मन्त्रीज्यू कर्णाली प्रदेशको भएको हुनाले पनि, योजना माग सबै भन्दा धेरै सुदुरपश्चिम र कर्णालीबाट भएको छ ।' देश संघीयतामा गए पनि बजेट माग्नका लागि सिंहदरबार भित्रको भिडले प्रदेश र स्थानीय सरकार प्रतिको विश्वास अझै छैन भन्ने देखाएको छ । यस्तै अर्थमन्त्रालयका एक उच्च कर्मचारीले भने 'अर्थमन्त्रालयमा समेत पाँच बजेटपछि बजेट माग्न आउनेको भिडको जात्रा नै लाग्ने गरेको छ । अझै पनि सबै अधिकार सिंहदरबारमा मात्र केन्द्रित हुदाँ योजना माग्न सिंहदरबार ध्याउने बढेको देखिन्छ । बजेट आवश्यकताका आधार नभई मन्त्री,कर्मचारी चिनेको भरमा योजना माग गर्नेको संख्या धेरै आइरहेको छ ।' मन्त्रालयका योजना अर्थमा पठाउने अन्तिम तयारीमा हुदैं गर्दा योजना माग्न मन्त्रीलाई भेट्नेका लागि मन्त्रीको सचिवालयदेखि मन्त्रालय परिसरमा भिड देखिन्छ । अर्थमन्त्रालयले विषयगत मन्त्रालयहरुसँग समन्वय गरेर बजेट लेखन गरिरहेको छ ।

## श्रममन्त्री...

निजी सचिवालयका अनुसार राजदूत रिजालले आइतबार बिहानसम्म नेपालीहरू सुरक्षित अवस्थामा रहेको जानकारी दिएकी छन् । दूतावासले अत्यावश्यक बाहेक घरबाट ननिस्कन नेपाली श्रमिकलाई आग्रह गरेको बारेमा पनि उनले मन्त्री अर्याललाई अवगत गराएकी छन् ।


**माइग्रेसन हरायो**

मिति २०८०/११/०४ गते स्वयम्भू बुद्धपार्कदेखि भृकुटीमण्डलसम्म जाँदा मेरो कक्षा १२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी तथा कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ ।

नाम : दिपा साँउद
रजिष्ट्रेशन नं. : ७१७६९०२५००११
सिम्बल नं. : ९६९०९२८३
मोवाइल नं. : ९७६९९३३९४०

**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **रोयल गण्डकी म्यानपावर प्रा.लि. (श्रम इजाजत पत्र नं. १०२३/०६८/०६९)** मा लेखापाल पदमा कार्यरत कर्मचारी : **अन्जलु चौधरी** (नागरिकता नं.: **०६-०१-७१-१०७०४**), हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

श्रम इजाजत पत्र नं.: १०२३/०६८/०६९
**रोयल गण्डकी म्यानपावर प्रा. लि.**
सामाखुसी–३, काठमाडौं, फोन: ४३८७८७१

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मितिः २०३२/११/०२
स्वर्गारोहण मितिः २०८१/०१/ ०१
स्व.त्रिवेणी चोङवाङ

हाम्रा शुभेच्छुक डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि. का जनरल म्यानेजर त्रिवेणी चोङवाङको यही मिति २०८१ वैशाख १ गते भएको असामयिक स्वर्गारोहणले अत्यन्त मर्माहत बनाएको छ । स्वर्गीय चोङवाङप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

सीतादेवी श्रेष्ठ, प्रकाशक
मदनकुमार श्रेष्ठ, सम्पादक
तथा मध्यान्ह दैनिक परिवार

**OMAN मा रोजगार अवसर | १. कम्पनी : ROYAL STAR LINE**

पूर्व स्वीकृत मितिः२०८०/०३/३१ चलानी नं.: ६०२०४९०८ L.T. No.: 289251 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner public buildings | 2 | 0 | स. काममा दक्ष | 100 | ३४६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी : ROYAL STAR LINE** शहरः Oman

पूर्व स्वीकृत मितिः २०७९/०९/०९ चलानी नं.: ६०१९३६०७ L.T. No.: 278086 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner-Public Buildings | 4 | 0 | स. काममा दक्ष | 100 | ३४६९५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook General | 3 | 0 | स. काममा दक्ष | 150 | ५२०४३ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ बैशाख १० गते (22 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३

# नयाँ सत्ता समीकरणले मुलुकलाई सही दिशामा लैजान थाल्यो : एमाले

**काठमाडौं/मस–** नेकपा (एमाले) ले सचिवालय बैठकले नयाँ सत्ता समीकरणले मुलुकलाई सही दिशामा लैजान थालेको निष्कर्ष निकालेको छ ।

ललितपुर, च्यासलस्थित एमाले पार्टी कार्यालयमा आइतबार बसेको सचिवालय बैठकले नयाँ सत्ता समीकरणले सकारात्मक रहेको मुलुकलाई सही दिशामा ल्याउन सफल भएको जनाएको छ । बैठकपछि उपमहासचिव प्रदीप ज्ञवालीले सो जानकारी दिँदै सरकारले जनतालाई अझ विश्वास जगाउने काममा गति ल्याउनुपर्ने बताए । बैठकले यही वैशाख ८ र ९ गते हुने राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् बैठकको कार्यसूचीसमेत तय गरेको छ । परिषद् बैठक गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा हुनेछ ।



परिषद्को बैठकमा दुई हजार एक सय ५३ महाधिवेशन प्रतिनिधिसहित करिब दुई हजार पाँच जना सहभागी हुने उपमहासचिव ज्ञवालीले बताए ।

बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन, महासचिव शंकर पोखरेलको संगठनात्मक, अनुशासन आयोग, निर्वाचन आयोग, लेखा आयोग र सल्लाहकार परिषद्ले आआफ्नो प्रतिवेदन पेश गर्ने छन् । बैठकमा आगामी निर्वाचनमा एमालेलाई निर्णायक शक्ति बनाउनेबारेमा छलफल हुने उपमहासचिव ज्ञवालीले बताए ।

यस्तै बैठकले नेकपाको ७५औं स्थापना दिवसमा विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको छ । स्थापना दिवसको दिन वृत्तचित्र, झुलाघाट चिवाभन्ज्याङ पदयात्रा तथा साङ्गतिक कार्यक्रम गर्ने उनले बताए । स्थापना दिवसको दिन प्रमुख राजनीतिक दलका नेतालाई सम्बोधन गर्ने र पार्टीमा योगदान गर्नेलाई विशेष सम्मान गर्ने उनले बताए । उनले कम्युनिष्ट पार्टी स्थापना भएको सय वर्षमा मुलुकलाई समुन्नत, समृद्ध र विश्वको अन्य देशको हाराहारी मुलुकलाई पुर्‍याउने संकल्प पार्टीले लिएको बताए । उपमहासचिव ज्ञवालीले केन्द्र सरकारमा जुन-जुन राजनीतिक दलबीच सहकार्य भएको छ, प्रदेश तहमा पनि त्यही राजनीतिक दलबीच सहकार्य हुने जनाउँदै सुदूरपश्चिम प्रदेशमा पनि सत्ता गठबन्धन दलबीच नै सहकार्य हुने जानकारी दिए ।

# कुख्यात अपराधी ठहरिएका शेख नुरुल्लाह दश महिनापछि पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २ वैशाख

प्रहरीको सर्वाधिक खोजी सूचीमा रहेका कुख्यात अपराधी ठहरिएका शेख नुरुल्लाहलाई १० महिना पछि रौतहट प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय आइतबार आयोजित पत्रकार सम्मेलनमा ५२ वर्षीय नुरुल्लाहलाई सार्वजनिक गरिएको छ ।

अपराध क्षेत्रको मास्टर माइण्ड व्यक्तिको रुपमा प्रख्यात रहेका शेखलाई प्रहरीले रौतहटको राजदेवी नगरपालिका वडा नम्वर ८ लक्ष्मीपुर बेलविछवा चोक नजिक रहेको नेपाल-भारत सीमावर्ती क्षेत्र भएर भारततर्फ जानेक्रममा आइतबार बिहान १२ बजे पक्राउ गर्न सफल भएको प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जानकारी दिइन् ।

२०८० जेठ ११ गते मध्य राति साढे १२ बजेको समयमा देवाही गोनाही नगरपालिका वडा नम्वर १ करुनिया गाउँमा ७८ वर्षीय शेख तैयवलाई शेख नुरुल्लाहको निर्देशनमा सोही स्थानका शेख शेराज, शेख शद्दाम भन्ने खलिउल्लाह तथा भारतीय नागरिक



राकेश कुमारले गोली हानी हत्या गरेका थिए । तत्कालै प्रहरीले शेख शेराज र भारतीय नागरिक राकेश कुमारलाई पक्राउ गरी ज्यान सम्बन्धी मुद्दामा अदालतबाट पुर्पक्षका लागि कारागारमा छन् भने मुख्य योजनाकार नुरुल्लाह तथा निजको भाइ खलिउल्लाह फरार रहँदै आएको पत्रकार सम्मेलनमा जानकारी दिइएको छ ।

वृद्ध तैयवको हत्या गराउनमा मुख्य योजनाकार रहेका शेख नुरुल्लाह र खलिउल्लाविरुद्ध गत पुस १६ गते जिल्ला अदालत रौतहटले ज्यान सम्बन्धी कसुरमा पक्राउ पुर्जी जारी गरेको थियो । मुख्य योजनाकार एवं अपराधिक कार्यका कुख्यात पेशेवर अपराधी शेखसहितका व्यक्तिहरु सीमावर्ती क्षेत्रमा बसिरहेको र सहजै घरसम्म ओहोरदोहोर गरिरहेको भन्ने सूचनाका आधारमा प्रहरीले सीमावर्ती क्षेत्रहरुमा विशेष निगरानी बढाएको थियो । सोही क्रममा आइतबार बिहान नुरुल्लाहलाई पक्राउ गर्न सफल भएको डीएसपी गिरीले जानकारी दिइन् ।

पक्राउ परेका शेख नुरुल्लाहलाई प्रहरीले हिरासतमा राखेर आवश्यक अनुसन्धान गरिरहेको तथा अदालतबाट ज्यान सम्बन्धी कसुर मुद्दामा न्यायिक हिरासतमा राख्ने अनुमती लिएर थप अनुसन्धान भइरहेको समेत उनले जानकारी दिइन् । तर खलिउल्लाह भने अझै फरार रहेको हुँदा निजको पनि खोजी कार्य जारी रहेको उनले बताइन् । पत्रकारमा प्रहरी उपरीक्षकको रुपमा कार्यभार सम्हालेका दिलिप घिमिरेले जिल्लाबाट अपराधिक कार्यलाई पूर्ण रुपमा निस्तेज बनाइ यहाँको जनतालाई शान्ति सुरक्षाको प्रत्याभुती दिलाउने प्रमुख प्राथमिकता रहेको बताए । यसैक्रममा कुख्यात अपराधी भनिएका शेख नुरुल्लाहलाई समातिनु पनि एउटा चुनौतीको विषय बनेको थियो, तर उक्त चुनौतीहरु सकिएको हुँदा अपराध गर्नेलाई कानूनी कारबाही गरिने पपिन उनले बताए ।

# जगरनाथपुर गाउँपालिकालाई एम्बुलेन्स




**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २ वैशाख

पर्साको जगरनाथपुर गाउँपालिकाले एम्बुलेन्स पाएको छ । गाउँपालिका अध्यक्ष श्रीकान्त यादव र प्रमुख प्रसाशकीय अधिकृत कृष्णान्नदन राय यादवको अथक प्रयासबाट नेपालस्थित भारतीय राजदूतावासले जगरनाथपुर गाउँपालिकालाई एम्बुलेन्स सहयोग गरेको हो । एम्बुलेन्स पाएसँगै यहाँका स्थानीय बासिन्दा खुसी भएका छन् ।

भारतीय दूतावासले विभिन्न संघसंस्थालाई एम्बुलेन्स र स्कुल बस हस्तान्तरण गरेको छ । आइतबार एक कार्यक्रमकाबीच दूतावासले स्कुल बस र एम्बुलेन्स हस्तान्तरण गरेको हो ।

वीरगञ्जस्थित भारतीय दूतावासले जगरनाथपुर गाउँपालिका प्रमुख प्रसाशकीय अधिकृत कृष्णानन्दन राय यादवलाई एम्बुलेन्स उपलब्ध गराएको हो । भारतीय महावाणिज्य दूत देवी सहाय मिनाले गापा अधिकृत यादवलाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरे । गाउँपालिका भरी कुनै स्वास्थ्य संस्थाहरुमा एम्बुलेन्स नरहेको गापा अध्यक्ष श्रीकान्त यादवले बताए । भारतीय महावाणिज्य दूतावासलाई धन्यवाद समेत दिइएको छ ।

# गृहको परिपत्रले देशलाई द्वन्द्वमा धकेल्न खोजेको आरोप

**काठमाडौं/मस–** गृहमन्त्री रवि लामिछानेको निर्देशनमा संवैधानिक व्यवस्थालाई लत्याएर धार्मिक स्वतन्त्रतालाई कुण्ठित गर्ने दुराशयसहित मन्त्रालयले परिपत्र जारी गरेको धार्मिक मोर्चाले आरोप लगाएको छ । आइतबार संवाद डबलीमा कार्यक्रमको आयोजना गरी सो परिपत्र खारेज नगरे धार्मिक द्वन्द्व चर्किने र त्यसको पहिलो निशाना गृहमन्त्री रवि लामिछाने हुने चेतावनीसमेत मोर्चाले दिएको छ ।



राष्ट्रिय खिष्टियन महासंघ नेपालले आयोजना गरेको सो कार्यक्रममा बोल्दै नेपाल परिवार दलका अध्यक्ष एकनाथ ढकालले कुनै एक धार्मिक सम्प्रदायले कार्यक्रम गर्ने, अर्कोले उजुरी हाल्ने त्यसमा प्रहरी हस्तक्षेपको क्रमले देशमा शान्ति भंग हुने जिकिर गर्दै भने,'यस मिसिमको परिपत्रले शान्ति सुरक्षा हैन, धार्मिक द्वन्द्व चर्कन्छ, रवि जीलाई कि त ज्ञान नभएर हो या देश विभाजन गर्ने सुनियोजित योजनामा गम्भीर आशंका छ ।'

मन्त्री लामिछानेलाई परिपत्रले नभइ देश संविधान र कानूनले सञ्चालन् हुने सामान्य ज्ञान समेत नभएको अध्यक्ष ढकालले आरोप समेत लगाए । सांसदसमेत रहेका ढकालले संसदमा यस विषयमा बोल्नका लागि सभामुखसँग समय मागेको तर आइतबार संसद अधिवेशन अन्त्यको निर्णयले विषय उठाउन नपाएको बताए । उनले नेपालले धार्मिक तथा मानवअधिकार सम्बन्धी महासन्धिहरूमा पनि हस्ताक्षर गरेकाले यस्ता परिपत्रले देशको अन्तराष्ट्रिय छवि मासमेत नकारात्मक असर पर्नेमा चिन्ता व्यक्त गरे । जनजाति नेता आङ्काजी शेर्पाले देशलाई गम्भीर द्वन्द्वमा फसाउने नियतले परिपत्र जारी गरिएको जिकिर गर्दै तत्काल खारेज नगरे सडक तताउने चेतावनी दिँदै भने,' यस्तो रवैया बन्द नगरे रविको पुत्ला दहनदेखि राजीनामा मागसम्मको आन्दोलन चर्किन्छ ।' अल्पसंख्यक भनेर खिष्टियन लगायतका सम्प्रदायलाई लक्षित गरिएको देखिए पनि हिन्दु, बुद्धिष्ट सबैलाई विभाजन गर्ने कुत्सित मानसिकता रहेको शेर्पाको आरोप छ ।

पूर्वमन्त्री तथा धार्मिक अध्येयता डा.केशव मान शाक्यले देश धर्म निरपेक्ष भईसक्दा पनि हिन्दु-ब्रह्मणवादी शासकहरुले अल्पसंख्यकहरुलाई आफ्नो फाइँदाको लागि प्रयोग गर्ने नत्र दबाएर राख्ने गरेको आरोप लगाए । राष्ट्रिय खिष्टियन महासंघ नेपालका कार्यवाहक अध्यक्ष उद्धव प्रसाद चिमोरियाले गृह मन्त्रालयद्वारा जारी परिपत्रप्रति दुःख व्यक्त गर्दै खिष्टियनहरु यो देशको भलो चिताउने धार्मिक समुदाय भएको बताए । गृहको परिपत्र अल्पसंख्यक धार्मिक समुदायलाई हतोत्साहित पार्दै दबाबमा राख्ने आसयले आएको भन्दै चिन्ता व्यक्त गरे ।

# पत्रकार सुनार कतारमा सम्मानित



**मध्यान्ह संवाददाता**
दोहा, कतार, २ वैशाख

वैदेशिक रोजगारीको सिलसिलामा खाडी मुलुक कतारमा रहेका गुल्मीका दर्शन सुनार सम्मानित भएका छन् । तमु (गुरुङ) समाज कतारले आयोजना गरेको चेलीबेटी भेटघाट तथा कलाकार सम्मान कार्यक्रममा सुनार सम्मानित भएका हुन् । समाजले आयोजना गरेका हरेक गतिविधिमा सञ्चारको माध्यमबाट अतुलनीय योगदान पुर्‍याएको भनी फेटा (क्रेगी) र सम्मान पत्रले सुनारलाई सम्मानित गरिएको हो ।

सम्मान ग्रहणपछि मध्यान्ह दैनिकसँगको कुराकानीमा सुनारले सम्मानले थप जिम्मेवारी बढेको र मिहिनेत गर्न ऊर्जा मिलेको बताए । उनले आफ्नो कर्तव्य निभाएको सानो कार्यलाई सम्मान योग्य सम्झेर यति ठूलो सम्मान प्रदान गरेकोमा समाज प्रति कृतज्ञता प्रकट गरे । सुनार विगत १ वर्ष देखि सौर्यपत्र अनलाइनमा कतार संवाददाताका रूपमा कार्यरत रहेका छन् । उनी कतारमा स्थापित सामाजिक संस्था गुल्मी सेवा समाज कतारका वर्तमान कार्यसमितिका सचिव समेत हुन् ।

# नेपाली कांग्रेस मालारानीद्वारा गाउँपालिकाको ध्यानाकर्षण



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २ वैशाख

मालारानी गाउँपालिकासँग विभिन्न माग राख्दै नेपाली कांग्रेसले ध्यानाकर्षण गराएको छ । कांग्रेस लुम्बिनी प्रदेश सहमहामन्त्री बिष्णु प्रसाद खनाल मुस्कानको नेतृत्वमा गएको टोलीले गाउँपालिकाको ध्यानाकर्षण गराएको हो ।

गाउँपालिकाबाट गर्ने शिक्षक दरबन्दी मिलान, पालिकाभित्र वितरण हुने टिन वितरण, प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा छनोटमा लगायतका विषयमा पालिकाबाट प्रवाह हुने विकास निर्माणका काममा एकलौटी रुपमा एमालेकरण गरिएको भन्दै कांग्रेस मालारानीले ध्यानाकर्षण गराएको पालिका सभापति शोभाखर खनालले मध्यान्हलाई जानकारी दिए ।

त्यस्तै पालिकाबाट सञ्चालन हुने आयआर्जन, क्षमता विकास तालिम, योजनाहरुको उपभोक्ता समिति गठन, विद्यालय समायोजन, अनुदानका सामग्री वितरण लगायतका कार्यक्रममा वडा अध्यक्षहरुले खोजी-खोजी आफ्नै कार्यकर्ताहरुलाई मात्र प्रदान गरिएकोमा तत्काल त्यस्तो प्रवृत्ती नसच्याए कांग्रेस मालारानीले गाउँपालिका थप संघर्षका कार्यक्रम ल्याउन पनि पछि नपर्ने सहमहामन्त्री खनालको भनाइ छ ।

यता गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराईले कांग्रेसले लगाएका आरोप सबै सत्यता नभएको बताए । उनले विगतका दिनमा भएका केही कमीकमजोरीहरुलाई आगामी दिनमा सच्याएर अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरे । उनले हरेक विकास निर्माणका काममा सुशासन र पारदर्शिता ल्याउनका लागि आफुले पहल गरिरहेको बताए ।

यस्तै गाउँपालिका उपाध्यक्ष दिपा पोखेलले हरेक योजनाको भुक्तानी गर्दा योजना सम्पन्न भए/नभएको आफैँले अनुगमन गरेर मात्र हुने गरेको जानकारी गराइन् । ध्यानाकर्षण गराउन महिला नेतृ शान्ता खनाल, वडा नम्वर १ देखि ८ सम्मका वडा सभापति लगायत नेता कार्यकर्ताहरु गाउँपालिकाको कार्यालयमा पुगेका थिए । साथै उनीहरुले आ-आफ्ना वडामा भएका विकास निर्माणका बारेमा समस्या प्रस्तुत गरेका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चेतनारायण कँडेल, शिक्षा शाखा प्रमुख रमेश पन्थी र प्राविधिक शाखाका प्रमुख हरि पाण्डेले गुनासा, सुझावलाई समेटेर अघि बढ्ने बताएका थिए ।


## हार्दिक श्रद्धाञ्जली



जन्म मिति: २०३२/११/०२
स्वर्गारोहण मिति: २०८१/०१/ ०१

स्व.त्रिवेणी चोङवाङ

हाम्रा अनन्य मित्र तथा यस प्रा.लिका जनरल म्यानेजर त्रिवेणी चोङवाङको यही मिति २०८१ वैशाख १ गते साँझ भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत बनाएको छ । हामी स्वर्गीय चोङवाङप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद् घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

हरि प्रसाद थापा
(प्रबन्ध निर्देशक)
तथा
डि. प्रोटोन म्यानपावर सप्लायर्स प्रा.लि.
पिंगलास्थान, विजयचोक, काठमाडौं

## यूएईमा रोजगारको अवसर

कम्पनी: ELITE EXTRUSION LLC
शहर: UAE

पूर्व स्विकृति मितिः २०८०/०९/१३ | चलानी नं. : ६०२१२३५२ | पुनः विज्ञापन | LT. No. :297254

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Labourer | 18 | 0 | स. काममा दक्ष | 900 | ३२,६३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ बैशाख १० गते (22 April 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

